राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ७२ २०८३ असोज १४ गते बुधवार (30 Sep. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## धनुषाका चार वडाध्यक्षलाई कामकाज गर्न सर्वोच्चको आदेश

### निर्वाचन आयोगको पद रिक्त गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश, दल त्यागको तथ्य तत्काल नदेखिएको अदालतको ठहर

दैनिक समाचारदाता
जनकपुरधाम, १३ असोज । निर्वाचन आयोगले पदमुक्त गरेका धनुषाका चार वडाध्यक्षलाई यथास्थितिमा



रहेर कामकाज गर्न सर्वोच्च अदालतले आदेश दिएको छ। सर्वोच्चको आदेशसँगै उनीहरूलाई पुनः वडाध्यक्षको जिम्मेवारीमा रहेर काम गर्न बाटो खुलेको हो।
सर्वोच्चको आदेशपछि मिथिला नगरपालिका-२ का बिहारी महतो, शहीदनगर नगरपालिका-८ का तनुकलाल कुसियैत, विदेह नगरपालिका-६ का जयराम मण्डल र कमला नगरपालिका-५ का शिवा पासवानलाई वडाध्यक्षको जिम्मेवारीमा रहेर कामकाज गर्न बाटो खुलेको छ।
सर्वोच्च अदालतले जारी गरेको आदेशमा निवेदकहरूले दल त्याग गरेको वा अन्य दलमा प्रवेश गरेको भन्ने तथ्ययुक्त तथा मनासिब आधार तत्काल नदेखिएको उल्लेख गरिएको छ।
अदालतले निर्वाचन आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य विपक्षीलाई कानुनबमोजिम प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नसमेत आदेश दिएको छ।
निर्वाचन आयोगले गत भदौ ३१ गते सूचना प्रकाशित गर्दै चारै वडाध्यक्षको पद रिक्त भएको जनाएको थियो।
आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३२ (१) तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम सम्बन्धित दलको केन्द्रीय समितिबाट उनीहरू अन्य दलमा प्रवेश गरेको जानकारी प्राप्त भएपछि पद स्वतः रिक्त भएको निर्णय गरेको थियो।
आयोगका अनुसार तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट २०७९ सालको स्थानीय तह निर्वाचनमा निर्वाचित ती जनप्रतिनिधि अन्य दलमा प्रवेश गरेको भन्दै सम्बन्धित दलको केन्द्रीय समितिको निर्णयसहित आयोगमा जानकारी प्राप्त भएको थियो। सोही आधारमा आयोगले उनीहरूको पद रिक्त हुने निर्णय गर्दै सार्वजनिक सूचना जारी गरेको थियो।
तर आयोगको उक्त निर्णयविरुद्ध सम्बन्धित वडाध्यक्षहरूले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले तत्कालका लागि उनीहरूलाई यथास्थितिमा रहेर वडाध्यक्षको जिम्मेवारी निर्वाह गर्न बाटो खुला गरेको हो।

## सार्वजनिक शिक्षा र जलवायु संकटप्रति सरकारको जवाफदेहिता खोजियो

### शिक्षामा शिक्षक अभावदेखि विपद् जोखिम न्यूनीकरणसम्म स्थानीय र प्रदेश सरकारको भूमिकामाथि प्रश्न

दैनिक समाचारदाता
जनकपुरधाम, १३ असोज । धनुषाको शहीदनगर नगरपालिका(५ पछहर्वामा सार्वजनिक शिक्षा, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ ।

सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा जलवायु परिवर्तनका कारण बढ्दै गएका प्राकृतिक प्रकोप र विपद्का घटनाको न्यूनीकरणका लागि प्रदेश तथा स्थानीय सरकारले गरिरहेका कामबारे नागरिकको धारणा र प्रश्न संकलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।




कार्यक्रममा मधेश प्रदेश सभाका सभामुख रामअशिष यादव, महिला, बालबालिका तथा न्याय समितिकी सभापति रुपा यादव, प्रदेश मामिला समितिका सभापति रत्नेश्वर गोइत, शहीदनगर नगरपालिकाकी उपप्रमुख सुनिता सिंह र वडा नं. ५ का वडाध्यक्ष सुरेश कापडसहित जनप्रतिनिधि तथा सरोकारवालाको सहभागिता थियो । नागरिक समाजका अगुवा, सर्वसाधारण, युवा, विद्यार्थी तथा महिलाले शिक्षा, वातावरण, विकास र विपद् व्यवस्थापनसम्बन्धी सवाल राखेका थिए ।

मधेश प्रदेशमा सार्वजनिक शिक्षाको अवस्था अपेक्षाअनुसार सुधार हुन नसकेको, जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपका घटना बढ्दै गएको र

बाँकी पृष्ठ ३मा

## उद्योगी-व्यवसायीलाई निरुत्साहित होइन, सम्मान गर्नुपर्छ : सभामुख यादव

### अनुगमनका नाममा व्यापारीलाई दुःख नदिन आग्रह, स्वदेशी उत्पादनको प्रयोग बढाउन जोड

दैनिक समाचारदाता
जनकपुरधाम, १३ असोज । मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले स्वदेशी उत्पादनको प्रयोग बढाउँदै विदेशी खाद्य वस्तुमाथिको निर्भरता घटाउन आग्रह गरेका छन्।

जनकपुरधाममा मंगलबार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को सहयोग तथा जनकपुर उद्योग वाणिज्य संघको आयोजनामा भएको व्यवसायी र मानव अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख यादवले स्वदेशमै



उत्पादित खाद्य वस्तु तथा अन्य सामग्रीको प्रयोगलाई प्राथमिकता दिन आग्रह गरेका हुन्।

उनले विदेशबाट प्याकेजिङ गरी आयात हुने खाद्य वस्तुको गुणस्तर र सुरक्षाबारे पर्याप्त जाँच हुन नसक्ने भन्दै त्यस्ता वस्तुको प्रयोगले स्वास्थ्यमा असर पर्न सक्ने बताए।

'विदेशबाट प्याक भएर आउने खाद्य वस्तुको गुणस्तरसमेत पर्याप्त रूपमा जाँच हुँदैन। लामो समयसम्म भण्डारण गरिएका वस्तुले स्वास्थ्यमा असर पार्न सक्छन्,' उनले भने, 'त्यसैले सकेसम्म आफ्नै देशमा उत्पादन भएका खाद्य वस्तु तथा अन्य सामग्रीको प्रयोग बढाउनुपर्छ।'

सभामुख यादवले राज्यका तर्फबाट उद्योगी(व्यवसायीले सम्मान र प्रोत्साहन नपाएसम्म मुलुकमा आर्थिक समृद्धि हासिल

बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# मधेशका दलित संख्या धेरै, अवस्था कुरुप

## सम्पादकीय

# सीमापार सहयोग

नेपालमा प्राकृतिक विपद् आउँदा त्यसको पीडा नेपाली नागरिकले मात्र होइन, छिमेकी मुलुकका नागरिकले पनि महसुस गर्छन्। रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको अवस्थामा भारतको मधुबनी जिल्लास्थित जयनगर चेम्बर अफ कमर्सले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा भारतीय रुपैयाँ २ लाख ५१ हजार सहयोग गर्नु यही मानवीय संवेदनाको एउटा उदाहरण हो।

जयनगर चेम्बरको टोलीले जनकपुरधामस्थित राष्ट्रिय वाणिज्य बैंकमा रकम जम्मा गरी बाढीमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु केवल आर्थिक सहयोगमा सीमित विषय होइन। विपद्का बेला पीडितको दुःखमा साथ दिनु र छिमेकीप्रति ऐक्यबद्धता प्रकट गर्नु आफैंमा महत्वपूर्ण मानवीय सन्देश हो।

नेपाल र भारतबीचको सम्बन्ध राज्यस्तरीय कूटनीतिमा मात्र सीमित छैन। दुवै देशका नागरिकबीच सदियौँदेखि सामाजिक, सांस्कृतिक, पारिवारिक र व्यावसायिक सम्बन्ध रहँदै आएको छ। खुला सीमाका कारण सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको दैनिकी एकअर्कासँग प्रत्यक्ष रूपमा जोडिएको छ। त्यसैले एउटा देशमा देखिएको विपद् वा संकटको प्रभाव अर्को देशका नागरिकसम्म पुग्नु स्वाभाविक हो।

जयनगर चेम्बरको सहयोगसँगै नेपाल-भारत सीमामा नागरिकले भोगिरहेका समस्या र द्विपक्षीय सम्बन्धका विषयमा मधेश प्रदेशका उच्च पदाधिकारीसँग भएको छलफल पनि महत्वपूर्ण छ। सीमाक्षेत्रका सामान्य देखिने समस्या समयमै समाधान हुन नसक्दा त्यसले नागरिकस्तरको सम्बन्धमा समेत असहजता उत्पन्न गर्न सक्छ। त्यसैले यस्ता विषयलाई राजनीतिक संवेदनशीलताका साथ होइन, नागरिकको सहज आवागमन, व्यापार, सामाजिक सम्बन्ध र पारस्परिक हितका आधारमा सम्बोधन गर्न आवश्यक छ।

विपद्का बेला छिमेकीले देखाएको सहयोगले मानवीय सम्बन्धको महत्वलाई उजागर गरेको छ। यस्तो सहयोगलाई औपचारिकता वा प्रचारको विषयभन्दा माथि उठाएर नेपाल-भारत जनस्तरीय सम्बन्धलाई अझ मजबुत बनाउने अवसरका रूपमा लिनुपर्छ। प्राकृतिक विपद् सीमाले रोक्दैन; त्यसैले मानवीय सहयोग पनि सीमाभन्दा माथि हुनुपर्छ।



सिजेन्द्र सादा

नेपालको संविधानले प्रत्येक नागरिकलाई समानता र स्वतन्त्रताको मौलिक हक प्रत्याभूत गरेको एक दशक पुग्न लाग्दा पनि तराई-मधेशका दलित समुदाय आज पनि इतिहासकै सबैभन्दा कठोर सामाजिक, आर्थिक र राजनीतिक वञ्चितीकरणको चक्रव्यूहमा फसेका छन् । मधेश प्रदेशको भूगोल, श्रम, संस्कृति र राजनीतिक आन्दोलनको जगमा दलित समुदायको हिस्सा सबैभन्दा ठूलो छ। तर विडम्बना, राज्यको नीति र समाजको दृष्टिकोणमा उनीहरू अझै पनि पिँधमै राखिएका छन । तथ्याङ्कको कसिमा हेर्ने हो भने मधेशका दलितको अवस्था लोकतान्त्रिक व्यवस्थाकै लागि एउटा गम्भीर प्रश्न चिह्न बनेको छ। जनसाङ्ख्यिक बाहुल्य तर शक्तिहीनता । राष्ट्रिय जनगणना २०७८ को आधिकारिक प्रतिवेदन अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख २६ हजार २ सय ८८ रहेको छ। यस प्रदेशमा कुनै एक जातीय वा सामाजिक क्लस्टरको उपस्थितिलाई हेर्ने हो भने दलित समुदाय यहाँको सबैभन्दा ठूलो सामाजिक हिस्सा हो। कुल जनसंख्यामा मधेशी दलितको हिस्सा मात्रै १५.३५ प्रतिशत छ, र केही उपजातिहरू समेत जोड्दा यो जनसंख्या करिब १८ प्रतिशत (१० लाख ५८ हजारभन्दा बढी) पुग्दछ । यो संख्या मधेशका रैथाने मानिने 'यादव' ( १४.७८%) र मुस्लिम' (११.५८%) भन्दा पनि बढी हो। नेपाल सरकारले राष्ट्रिय दलित आयोगको सिफारिसमा मधेशी दलित तर्फ २१ वटा प्रमुख जातिहरू (चमार, मुसहर, दुसाध, खत्वे, तत्मा, धोबी, बाँतर, कोरी, डोम, पासी, मेस्तर आदि) र तिनका थरहरूलाई राजपत्रमा सूचीकृत त गरेको छ तर यो जनसाङ्ख्यिक बाहुल्य राजनीतिक शक्ति र राज्यको नीति निर्माणमा प्रतिबिम्बित हुन सकेको छैन।

सामाजिक तथा आर्थिक उत्पीडनको कुरुप चित्र तथ्याङ्क कार्यालय र मानवअधिकार संस्थाहरूको विवरण अनुसार मधेशका दलितको आर्थिक एवं भौतिक जीवन अत्यन्त कष्टकर छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको हालैको प्रतिवेदन अनुसार मधेश प्रदेशमा बसोबास गर्ने दलित समुदायको आर्थिक सम्पन्नता सूचकाङ्क मात्र ४०.७ प्रतिशत छ । यहाँका ७७.९ प्रतिशत दलित परिवार अझै पनि माटो र फुसको कच्ची घरमा असुरक्षित बसोबास गर्छन । त्यस्तै मधेशी दलित (विशेष गरी मुसहर र डोम) को ८० प्रतिशतभन्दा बढी जनसंख्या पूर्ण रूपमा भूमिहीन छ । उनीहरू पुस्तौँ देखि जमिनदारको 'ऐलानी' वा 'नहरका डिल' मा असुरक्षित बस्ती बनाएर बस्न बाध्य छन ।

शिक्षाको उज्यालोबाट यो समुदायलाई निकै टाढा राखिएको छ। मधेश प्रदेशको औसत साक्षरता ६३.५ प्रतिशत रहँदा मुसहर समुदायको साक्षरता दर ३५.८ प्रतिशत र डोम समुदायको ३८.४ प्रतिशत मात्र छ । अझ डरलाग्दो तथ्य के छ भने मधेशका २३ प्रतिशत दलित परिवारमा एक जना पनि साक्षर सदस्य छैनन् जबकी पहाडी दलितमा यो दर ८.३ प्रतिशत मात्र छ । आर्थिक र शैक्षिक रूपमा पिछडिएको यो समुदाय दैनिक रूपमा सामाजिक हिंसाको शिकार भइरहेको छ ।

मानवअधिकार वर्ष पुस्तक (क्ष्ल्क्भ्ऋ) को प्रतिवेदन अनुसार मधेश प्रदेशमा मात्रै वर्षभरीमा जातीय विभेद, बोक्सीको आरोप र कुटपिटका ८०० भन्दा बढी घटना अभिलेखीकरण हुने गरेका छन् । जसमा अधिकांश पीडित दलित महिला र बालबालिका छन ।

कागजी प्रयास र फितलो कार्यान्वयन मधेश प्रदेश सरकारले देशमै पहिलो पटक ऐतिहासिक 'दलित सशक्तीकरण ऐन, २०७६' निर्माण गरेर प्रशंसा त कमायो, जसले दलित विकास समिति र जातीय विभेद अनुगमन ब्युरोको व्यवस्था गरेको छ। त्यस्तै संघीय सरकारले दलित समुदायका १,४२९ वटा थरहरूको विस्तृत आधिकारिक सूची राजपत्रमा प्रकाशित गरी प्रशासनिक पहिचान, आरक्षण र छात्रवृत्ति दाबी गर्न कानुनी रूपमा मार्गप्रशस्त पनि गरेको छ। तर यी नीति र ऐनहरू राजनीतिक इच्छा शक्तिको अभावमा बजेट र संरचनाको तहमा पुग्न सकेका छैनन । ऐन बनेको वर्षौं भइ सक्दा पनि दलित विकास समितिहरू निष्प्रभावी जस्तै छन । अभियन्ताहरूको लडाइँ र चुनौतीको चाङ मधेशका दलित अभियन्ताहरूले सिरहा, धनुषा, महोत्तरी लगायतका जिल्लामा




भएका गम्भीर जातीय हत्या र विभेद विरुद्ध सडक देखि कानुनी उपचार खोज्ने सम्मका काम गरिरहेका छन ।

हालै संसदमा विचाराधीन 'दलित अधिकार तथा विकास विधेयकमा तराई-मधेशका दलितका लागि ४० प्रतिशत उप-आरक्षण र दलित महिलाका लागि आन्तरिक सहभागिता सुनिश्चित गराउन अभियन्ताहरूले दरिलो पैरवी गरिरहेका छन । तर यो आन्दोलनका अगाडि चुनौतीका चाङ छन । पहिलो चुनौती राजनीतिक प्रतिनिधित्वको हो । जनसंख्यामा सबैभन्दा अगाडि भए पनि प्रादेशिक मन्त्रिमण्डल र दलहरूको प्रत्यक्ष उम्मेदवारीमा दलितको उपस्थिति प्रायः शून्य छ। दोस्रो चुनौती, करिब ८०% दलितहरू गैर-दलित जमिन्दार कै खेतबारीमा दैनिक मजदुरी गर्ने भएकाले विभेद विरुद्ध बोल्दा रोजगारी र गाँस बास नै गुम्ने डर सधैं रहि रहन्छ। तेस्रो, दलित-दलित बीचमा समेत कायम रहेको श्रेणीबद्ध सामाजिक विभेद (जस्तै चमार, मुसहर र डोमबीच) र पहाडी दलित आन्दोलनको तुलनामा मधेशी दलितका मुद्दा (विशेषतः भूमिहीनता) लाई राष्ट्रिय मूलधारले ओझेलमा पार्नु अर्को मुख्य चुनौती हो।

त्यसैले मधेश प्रदेशलाई समृद्ध र समतामूलक बनाउने हो भने यहाँको १८ प्रतिशत हिस्सा ओगटेका मधेशका दलित समुदायलाई अन्यायको खाडलमा राखेर विकास र संवृद्धिको परिकल्पना गर्नु सम्भव छैन । केवल ऐन बनाउनु र राजपत्रमा थर सूचीकरण गर्नु मात्र पर्याप्त हुँदैन। अबको आवश्यकता सरकारले नीतिगत रूपमै "२ वर्षभित्र शतप्रतिशत आवास र भूमि" को ग्यारेन्टी गर्नु, शिक्षालाई पूर्णतः निःशुल्क र अनिवार्य बनाउनु र जनसंख्याको अनुपातमा राज्यका हरेक अंगमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु हो। तब मात्र मधेशमा वास्तविक लोकतन्त्रको अनुभूति हुनेछ। एआईद्वारा निर्मित तस्वीर

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## सार्वजनिक...........

यस्तो अवस्थामा प्रदेश तथा स्थानीय सरकारको भूमिका प्रभावकारी हुन नसकेको भन्दै सहभागीले प्रश्न गरेका थिए ।

सहभागी रामदयाल मण्डलले संघीयतापछि भौतिक पूर्वाधार निर्माणमा केही प्रगति भए पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधार हुन नसकेको बताए । विद्यालयमा कहिले शिक्षक अभाव हुने र कहिले विषयगत शिक्षक नहुँदा शिक्षाको गुणस्तर प्रभावित भइरहेको उनको भनाइ थियो ।

'शिक्षाको अवस्था राम्रो छैन । भौतिक निर्माणको काम भए पनि कहिले शिक्षकको अभाव हुन्छ भने कहिले सम्बन्धित विषयको शिक्षक हुँदैन,' उनले भने, 'यस्तो अवस्थामा सार्वजनिक शिक्षालाई कसरी गुणस्तरीय बनाउन सकिन्छ ?'

सहभागी जयकुमार साहले विकास निर्माणमा हुने अनियमितता र कमिसनमुखी प्रवृत्तिले जनप्रतिनिधिको प्राथमिकतामाथि प्रश्न उठाएको आरोप लगाए। प्रदेश सरकारले गरेका कामको नागरिकले पर्याप्त अनुभूति गर्न नसकेको तथा स्थानीय तहका काममा समेत विभेद देखिएको उनको गुनासो थियो। शिक्षा र वातावरणका क्षेत्रमा पनि अपेक्षित काम हुन नसकेको उनले बताए।

कार्यक्रममा सहभागीहरूले जलवायु परिवर्तनलाई विकासको मूल मुद्दासँग जोडेर हेर्नुपर्ने, विपद् आउनुअघि नै जोखिम न्यूनीकरणका उपाय अपनाउनुपर्ने र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता बढाउनुपर्नेमा जोड दिएका थिए।

पिपल प्रमोट सेन्टरका अध्यक्ष कमलेश मण्डलले कार्यक्रमको उद्देश्य र विषयवस्तुबारे जानकारी दिएका थिए। कार्यक्रमको संयोजन मिडिया काउन्सिल मधेश प्रदेशका पूर्वअध्यक्ष कैलास दासले गरेका थिए।

कार्यक्रममा घुरण मण्डल, छेदी पासमान, मञ्जु देवी महरा, सपना मण्डल, रामदयाल माझी, मथुरा मण्डल, श्रीदेव कापड, रामलखन पासमान, सन्तोषकुमार माझी, श्रीराम मण्डल र विकास मुखियालगायतले शिक्षा, जलवायु परिवर्तन, वातावरण, विपद् जोखिम न्यूनीकरण तथा विकाससम्बन्धी प्रश्न राखेका थिए।

त्यस्तै, जलवायु परिवर्तनसम्बन्धी जानकार प्रेमकान्त झाले जलवायु परिवर्तनले मधेशमा पारिरहेको प्रभाव तथा त्यसबाट उत्पन्न जोखिमबारे धारणा राखेका थिए। संसद् सहयोग परियोजनाका कार्यक्रम संयोजक विटु श्रीवास्तवले मधेशको सार्वजनिक शिक्षाको अवस्था र जलवायु परिवर्तनसँग जोडिएका सवालबारे आफ्ना विचार व्यक्त गरेका थिए।

मधेश प्रदेश सभा अन्तर्गतका महिला, बालबालिका तथा न्याय समिति र प्रदेश मामिला समितिको आयोजना, पिपल प्रमोटको समन्वय तथा संयुक्त राष्ट्र विकास कार्यक्रमको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो।

## उद्योगी-...........

गर्न कठिन हुने बताए। उद्योग तथा व्यवसाय क्षेत्र मुलुकको अर्थतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै उनले व्यवसायीले तिर्ने राजस्वबाट राज्य सञ्चालन तथा विकास निर्माणमा महत्वपूर्ण योगदान पुग्ने बताए।

अनुगमन आवश्यक भए पनि त्यसका नाममा व्यवसायीलाई अनावश्यक दुःख दिने वा निरुत्साहित गर्ने कार्य उचित नभएको उनको भनाइ थियो। 'अनुगमनलाई बलियो बनाउनुपर्छ, त्यसमा दुईमत छैन। तर अनुगमन गुणस्तरीय र उद्देश्यपूर्ण हुनुपर्छ,' उनले भने, 'म्याद गुज्रिएका सामान बिक्री भइरहेको छ कि छैन, खाद्य वस्तुमा मिसावट छ कि छैन भन्ने विषयमा अनुगमन केन्द्रित हुनुपर्छ, व्यापारीलाई दुःख दिने उद्देश्यले होइन।'

व्यवसायीले कानुनविपरीत काम गरेको प्रमाणित भए आवश्यक कारबाही गर्नुपर्ने बताउँदै सभामुख यादवले उपभोक्ताको स्वास्थ्य र अधिकारसँग खेलबाड गर्ने व्यवसायीमाथि कडाइ गर्नुपर्ने धारणा राखे। 'उद्योगी(व्यवसायी गलत छ भने उसको पसल बन्द गर्नेसम्मको कारबाही गर्नुपर्छ,' उनले भने।

उनले विदेशी उत्पादनको बढ्दो निर्भरता तथा अनुगमनका क्रममा देखिने अव्यवस्थित प्रक्रियाका कारण व्यवसायीमा असन्तुष्टि बढेको पनि बताए। स्वदेशी उत्पादनको प्रवर्द्धन, व्यवसायमैत्री वातावरण र प्रभावकारी अनुगमनबीच सन्तुलन कायम गर्नुपर्नेमा उनले जोड दिए।

जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा इन्सेक मधेश प्रदेशका संयोजक राजु पासमानले कार्यक्रमको उद्देश्यबारे जानकारी दिएका थिए।

व्यवसायी र मानव अधिकारसम्बन्धी अन्तरक्रियामा मिडिया काउन्सिल मधेश प्रदेशका पूर्वअध्यक्ष कैलास दास, औषधि व्यवसायी संघका अध्यक्ष प्रमोद अग्रवाल, उपभोक्ता हकहित संरक्षण मञ्चकी अध्यक्ष सुभद्रा आले, धिरज साहलगायतले व्यवसाय सञ्चालनका क्रममा देखिएका समस्या तथा मानव अधिकारसँग सम्बन्धित विषयमा धारणा राखेका थिए।

त्यस्तै, राष्ट्रिय मानव अधिकार आयोगका उपसचिव जीवन न्यौपानेले व्यवसाय र मानव अधिकारका विभिन्न पक्षबारे डिजिटल प्रस्तुति दिएका थिए।

# खाना खाने बेला मोबाइल हेर्ने बच्चाको बानी कसरी छुटाउने ? १० उपाय

बालबालिकालाई खाना खुवाउन मोबाइल वा ट्याब देखाउने बानी धेरै घरमा सामान्यजस्तै भइसकेको छ । बिस्तारै यही बानीका कारण बच्चाले स्क्रिनबिना खाना खानै नमान्ने हुन्छ ।

यस्तो बानी एकै दिनमा बसेको हुँदैन, त्यसैले एकै दिनमा हटाउन पनि गाह्रो हुन्छ । माया, धैर्य र केही निश्चित नियमको सहायताले भने यसलाई विस्तारै परिवर्तन गर्न सकिन्छ ।

***१. कारण बुझ्ने***

खाना खाने समयमा बच्चाले मोबाइल वा टेलिभिजन हेर्छ भन्दैमा उसलाई स्क्रिनको लत लागेको हुन्छ भन्ने होइन । कतिपय अवस्थामा यसको पछाडि फरक-फरक कारण हुन सक्छन् ।

बच्चालाई खाना मन नपर्नु, भोक कम लाग्नु, खाना खान लामो समय लाग्नु वा अभिभावकको ध्यान आकर्षित गर्न बच्चाले मोबाइल माग्नु यसको कारण हुन सक्छ ।

त्यसैले अचानक मोबाइल खोस्नुको सट्टा बच्चाको व्यवहारको कारण बुझ्ने प्रयास गर्नुपर्छ । उसलाई माया गरेर सम्झाउनुपर्छ र विस्तारै स्क्रिनबिनै खाना खाने बानी बसाल्नुपर्छ ।



***२. स्क्रिन एकैपटक बन्द नगर्ने***

यदि बच्चा लामो समयदेखि मोबाइल हेर्दै खाना खाने बानीमा छ भने अचानक स्क्रिन बन्द गर्दा उसले विरोध गर्न सक्छ । त्यसैले बिस्तारै समय घटाउन सकिन्छ । उदाहरणका लागि, पहिले ३० मिनेट मोबाइल हेरेर खाना खान्थ्यो भने केही दिन २० मिनेटमा झार्ने र त्यसपछि १० मिनेटमा सीमित गर्दै अन्ततः खाना खाने समय पूर्ण रूपमा स्क्रिनरहित बनाउन सकिन्छ ।

खाना खानुअघि नै बच्चालाई 'आज खाना खाँदा मोबाइल हेर्दैनौँ है' भनेर जानकारी दिनु पनि उपयोगी हुन्छ । नियम अचानक लागू गर्नुभन्दा पहिले नै सम्झाउँदा बच्चालाई स्वीकार गर्न सजिलो हुन्छ ।

***३. खानाको समय रमाइलो बनाउने***

खाने टेबलमा कुराकानी, हाँसो-मजाक र रमाइला विषयमा कुरा गर्ने वातावरण बनाउने हो भने बच्चाको ध्यान आफैं स्क्रिनबाट हट्न सक्छ । बच्चालाई 'आज स्कुलमा के भयो ?' भनेर सोध्न सकिन्छ । घरमा भएको कुनै रमाइलो घटना सुनाउन सकिन्छ । सप्ताहन्तमा कहाँ घुम्न जाने भनेर परिवारसँगै योजना बनाउन सकिन्छ ।

यसरी खानाको समयलाई केवल खाना खाने समय नभई परिवारका सदस्यबीच कुराकानी र आपसी सम्बन्ध बलियो बनाउने समयका रूपमा विकास गर्न सकिन्छ ।

***४. खानाको दिनचर्यामा ध्यान दिने***

बच्चाले नियमित समयमा खाना खाने र नास्ता गर्ने बानी बसाल्नु पनि महत्वपूर्ण हुन्छ । खाना र नास्ताको समय निश्चित गर्दा बच्चालाई समयमै भोक लाग्ने बानी बस्न सक्छ र खानामा उसको ध्यान बढ्न सक्छ ।

खाना खानुभन्दा केही समयअघि धेरै स्न्याक्स, जुस वा अन्य खानेकुरा दिनु हुँदैन । पेट भरिएको अवस्थामा बच्चाले मुख्य खाना खान रुचि नदेखाउन सक्छ र खाना खान लगाउँदा फेरि मोबाइल वा टेलिभिजनको सहारा खोज्न सक्छ ।

***५. बच्चालाई विकल्प दिने***

मोबाइल नदिएर मात्र हुँदैन, त्यसको सट्टा बच्चालाई के गर्ने भन्ने विकल्प पनि दिनुपर्छ । खाना खानुअघि चित्र बनाउने, कथा सुन्ने, परिवारसँग कुरा गर्ने वा खाना तयार पार्ने सानो काममा सहभागी गराउने गर्न सकिन्छ । सानो बच्चालाई 'पहिले खाना खाने कि पानी पिउने ?', 'आज कुन तरकारी खाने ?' जस्ता सीमित विकल्प दिन सकिन्छ । यसले बच्चालाई आफ्नो निर्णयमा सहभागी भएको महसुस गराउँछ ।

***६. खाना जबरजस्ती नखुवाउने***

मोबाइल हटाएपछि बच्चाले खाना कम खायो भन्दैमा अभिभावकले डराएर फेरि मोबाइल देखाउने वा जबरजस्ती खाना खुवाउने गर्नु हुँदैन । बच्चाले कति खाना खाने भन्ने कुरा पनि उसको भोक र आवश्यकताअनुसार फरक हुन सक्छ । अभिभावकले स्वस्थ र सन्तुलित खाना उपलब्ध गराउने र बच्चालाई आफ्नो भोकअनुसार खान दिने वातावरण बनाउनु राम्रो हुन्छ । तर बच्चाले लगातार खाना अस्वीकार गर्छ, तौल वा उचाइअनुसार विकास भइरहेको छैन वा खानासम्बन्धी अन्य समस्या देखिन्छ भने बालरोग विशेषज्ञसँग सल्लाह लिनुपर्छ ।

***७. कुराकानी गर्ने बानी बसाल्ने***

हरेक पटक खाना खाने समयलाई बच्चाका लागि बोरिङ बनाउनु हुँदैन । उसलाई स्क्रिनमा व्यस्त राख्नुको सट्टा परिवारसँग कुराकानी गर्ने वातावरण बनाइदिनुपर्छ ।

उदाहरणका लागि, घरका सबै सदस्यले दिनभरि आफूलाई भएको एउटा राम्रो कुरा सुनाउने नियम बनाउन सकिन्छ । एकअर्कालाई रमाइला प्रश्न सोध्न सकिन्छ । यसले बच्चाका लागि खानाको समय परिवारसँग कुराकानी गर्ने र भावनात्मक रूपमा जोडिने अवसर बन्न सक्छ ।

***८. बच्चाले सुरुमा विरोध जनाए सामान्य रूपमा लिने***

मोबाइल वा टेलिभिजन हटाउँदा बच्चाले सुरुमा रोएर वा रिसाएर प्रतिक्रिया दिन सक्छ । खाना छोड्न सक्छ वा पटक-पटक फोन मागेर अभिभावकको ध्यान आकर्षित गर्न सक्छ । यस्तो अवस्थामा अभिभावकले पनि रिस नियन्त्रण गर्न आवश्यक हुन्छ ।

बच्चाको माग पूरा गर्न हरेक पटक मोबाइल दिइरहँदा उसको बानी झन् बलियो हुन सक्छ । त्यसैले शान्त भएर एउटै नियम निरन्तर पालना गर्नु राम्रो हुन्छ । तर यात्रा गर्नुपरेमा, बच्चा बिरामी भएमा वा कुनै विशेष परिस्थितिमा नियममा केही छुट दिनुपरेमा त्यसलाई लिएर तनाव लिनु पर्दैन । परिस्थिति सामान्य भएपछि फेरि नियमित दिनचर्यामा फर्किन सकिन्छ ।

***९. अभिभावक पनि उदाहरण बन्ने***

बच्चालाई खाना खाने बेला मोबाइल नचलाउन सिकाउने हो भने अभिभावकले पनि खाना खाने बेला फोनमा व्यस्त हुनु हुँदैन । बच्चाले धेरै कुरा अभिभावकको व्यवहार हेरेर सिक्छ ।

खाने टेबलमा सबैले मोबाइल एकातिर राख्ने नियम बनाउन सकिन्छ । यसले बच्चालाई मात्र होइन, परिवारका सबै सदस्यलाई स्क्रिनबाट केही समय टाढा राख्न मद्दत गर्छ ।

***१०. लक्ष्य मोबाइल छुटाउनु मात्र नराख्ने***

बच्चालाई खाना खाने बेला मोबाइल वा टेलिभिजनबाट टाढा राख्नुको उद्देश्य केवल उसको स्क्रिनको बानी हटाउनु मात्र होइन । मुख्य कुरा उसलाई स्क्रिन नहेरी पनि खाना रमाइलो हुन्छ र परिवारसँग बसेर खान सकिन्छ भन्ने अनुभव गराउनु हो ।

बच्चाको स्क्रिन हेर्ने बानी एकै दिनमा परिवर्तन हुँदैन । सुरुमा उसले विरोध गर्न सक्छ, केही दिन खाना कम खान सक्छ वा पटक-पटक मोबाइल माग्न सक्छ । यस्तो अवस्थामा अभिभावकले धैर्य गुमाउनु हुँदैन । माया, धैर्य, नियमित दिनचर्या, स्पष्ट नियम र परिवारसँगको कुराकानीका माध्यमबाट बिस्तारै स्क्रिनबिनै खाना खाने स्वस्थ बानी विकास गर्न सकिन्छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५ | जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८३ असोज १४ गते बुधवार [30 Sep. 2026] | समाचार दैनिक जनकपुर

# स्वास्थ्य सेवा सुधारका लागि अमेरिकी २०.७ मिलियन डलर अनुदान स्वीकार

## मन्त्रिपरिषद्का सात निर्णय : संघीय निजामती र अपाङ्गता अधिकारसम्बन्धी विधेयक संसद्मा लैजाने

दैनिक समाचारदाता
काठमाडौं, १३ असोज । सरकारले स्वास्थ्य सेवा सुधारका लागि अमेरिकी सरकारबाट प्राप्त हुने २०.७ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मंगलबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त अनुदान स्वीकार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए।

मन्त्रिपरिषद् बैठकले अनुदान स्वीकार गर्नेसहित सात वटा निर्णय गरेको छ।



बैठकले पूर्व-पश्चिम राजमार्गअन्तर्गत कमला-ढल्केश्वर-पथलैया सडकखण्ड, गर्जनखोला साना जलविद्युत् आयोजना र बलेफीखोला जलविद्युत् आयोजना तथा सशस्त्र प्रहरी बल, नेपालका तालिम शिक्षालय र सीमा सुरक्षा पोस्ट निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न स्वीकृति प्रदान गरेको छ।

त्यस्तै, पशु, बधशाला र मासु जाँच ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्न स्वीकृति दिने निर्णय भएको छ।

संघीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक पनि संघीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गरिएको छ।

मन्त्रिपरिषद्ले नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्रांकित विशिष्ट श्रेणीको पदमा सहसचिव आभा श्रेष्ठ कर्णलाई बढुवा गरी गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिवमा पदस्थापन गर्ने निर्णय गरेको छ।

त्यस्तै, नेपाल इन्जिनियरिङ सेवा समूहको राजपत्रांकित विशिष्ट श्रेणीको पदमा डा. जगदीश्वर कर्माचार्यलाई बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने निर्णयसमेत बैठकले गरेको छ।

# करेन्ट लागेर युवकको मृत्यु

दैनिक समाचारदाता
बारा १३ असोज । बारामा मोटर जडान गरिएको धाराबाट पानी पिउने क्रममा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा महागढीमाई नगरपालिका वडा नं.८, बेतौनाका २५ वर्षीय राजु देवान रहेका छन्।

प्रहरीका अनुसार देवान पचरौता नगरपालिका वडा नं.८, बाझोपट्टीस्थित दुर्गाप्रसाद यादवको घरमा जडान गरिएको मोटरको धाराबाट पानी पिउँदै थिए। सोही क्रममा धारामा विद्युत् प्रवाह हुँदा उनलाई करेन्ट लागेको थियो।

करेन्ट लागेर गम्भीर घाइते भएका देवानलाई तत्काल उपचारका लागि कलैयास्थित प्रादेशिक अस्पताल ल्याइएको थियो। तर, अस्पताल पुऱ्याए लगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार घटनाबारे आवश्यक अनुसन्धान भइरहेको छ।

# सुरक्षा थ्रेट बढेपछि पूर्वप्रधानन्यायाधीश जबराको उद्धार गरिएको हो : मन्त्री पोखरेल



दैनिक समाचारदाता
काठमाडौं १३ असोज । सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई सरकारले पक्राउ नगरेको दाबी गरेका छन्। सुरक्षा थ्रेट बढेपछि उनलाई उद्धार गरी सुरक्षित स्थानमा लगिएको उनले स्पष्ट पारे। मन्त्रिपरिषद्को मंगलबार सिंहदरबारमा बसेको बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै मन्त्री पोखरेलले अपरिचित समूहबाट पाठ्य सन्देशमार्फत धम्की आएपछि जबरालाई सुरक्षित स्थानमा सारिएको बताए। पूर्वप्रधानन्यायाधीश जबरामाथि जेनजी समूहबाट सुरक्षा थ्रेट आएको भन्ने विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारमा भने सत्यता नरहेको मन्त्री पोखरेलले स्पष्ट पारे।

उनका अनुसार धम्की दिने व्यक्ति वा समूहको पहिचान तथा घटनाको वास्तविकताबारे प्रहरीले अनुसन्धान गरिरहेको छ। सुरक्षा चुनौतीको अवस्थालाई ध्यानमा राखेर जबरालाई सुरक्षित स्थानमा लगिएको र यसलाई पक्राउका रूपमा बुझ्न नहुने उनको भनाइ थियो।

सरकारका प्रवक्ताले सुरक्षा संवेदनशीलताका कारण घटनासम्बन्धी थप विवरण सार्वजनिक गर्न नमिल्ने संकेत गर्दै अनुसन्धानबाट तथ्य स्पष्ट हुने बताए।

# महिला उद्यमीलाई बजार र सार्वजनिक खरिदमा पहुँच बढाउन मन्त्री थापाको जोड

## ‘सशक्त महिला समृद्ध नेपाल’ कार्यक्रमअन्तर्गत जनकपुरधाममा दुईदिने तालिम सुरु

दैनिक समाचारदाता
जनकपुरधाम, १३ असोज । श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले महिलाको वास्तविक सशक्तीकरणका लागि राजनीतिक सहभागितासँगै सामाजिक र आर्थिक सशक्तीकरणमा पनि जोड दिनुपर्ने बताउनुभएको छ।

जनकपुरधाममा सोमबारदेखि सुरु भएको महिला उद्यमीका लागि सार्वजनिक खरिदसम्बन्धी दुईदिने तालिमको उद्घाटन गर्दै मन्त्री थापाले उद्यम सञ्चालन गरे पनि बजारमा पहुँच नहुँदा धेरै महिला व्यवसायबाटै पलायन हुनुपर्ने अवस्था रहेको बताउनुभयो।




महिला उद्यमीलाई बजारसँग जोड्ने उद्देश्यले सञ्चालन भइरहेको ‘सशक्त महिला समृद्ध नेपाल’ कार्यक्रमले महिलाको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने उहाँको भनाइ थियो। महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवाका लागि बजार सुनिश्चित गर्न सके मात्रै उनीहरूलाई उद्यममा टिकाइराख्न सकिने मन्त्री थापाले बताउनुभयो।

उहाँले महिला सशक्तीकरणका लागि सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारको समन्वय र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो। स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले महिला उद्यमीलाई बजार, सार्वजनिक खरिद तथा अन्य आर्थिक अवसरमा पहुँच दिलाउन स्थानीय सरकारले विशेष पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

तालिममा मधेश प्रदेशका १२ स्थानीय तहबाट दुई(दुई जना महिला उद्यमी तथा सम्बन्धित पालिकाका उद्यम विकास शाखाका प्रतिनिधिको सहभागिता रहेको छ। दुई दिनसम्म सञ्चालन हुने तालिममा महिला उद्यमीलाई सार्वजनिक खरिदको प्रक्रिया, सरकारी खरिद प्रणालीमा सहभागी हुने तरिका तथा त्यसमा उनीहरूको पहुँच र सहभागिता बढाउने विषयमा प्रशिक्षण दिइने आयोजकले जनाएको छ।

युरोपेली संघको सहयोगमा संयुक्त राष्ट्रसंघीय निकायहरूले मधेश प्रदेशका १२ स्थानीय तहमा ‘सशक्त महिला समृद्ध नेपाल’ कार्यक्रम सञ्चालन गर्दै आएका छन्। कार्यक्रममार्फत महिला उद्यमीको क्षमता विकास, बजारमा पहुँच विस्तार तथा आर्थिक अवसरसँग जोड्ने पहल भइरहेको आयोजकले जनाएको छ।

## कृत्रिम बुद्धिमता (एआई) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४